www.prepp.in

Prepp
Your Personal Exams Guide

Series ONS

SET-4

कोड नं.
Code No. **24**

रोल नं.
Roll No.

परीक्षार्थी कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें।

Candidates must write the Code on the title page of the answer-book.

- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में मुद्रित पृष्ठ **5** हैं।
- प्रश्न-पत्र में दाहिने हाथ की ओर दिए गए कोड नम्बर को छात्र उत्तर-पुस्तिका के मुख-पृष्ठ पर लिखें।
- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में **10** प्रश्न हैं।
- **कृपया प्रश्न का उत्तर लिखना शुरू करने से पहले, प्रश्न का क्रमांक अवश्य लिखें।**
- इस प्रश्न-पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है। प्रश्न-पत्र का वितरण पूर्वाह्न में 10.15 बजे किया जाएगा। 10.15 बजे से 10.30 बजे तक छात्र केवल प्रश्न-पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर-पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे।
- Please check that this question paper contains **5** printed pages.
- Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **10** questions.
- **Please write down the Serial Number of the question before attempting it.**
- 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

# नेपाली

# NEPALI

*निर्धारित समय : 3 घण्टे* | *अधिकतम अंक : 100*

*Time allowed : 3 hours* | *Maximum Marks : 100*

## खण्ड - एक

1. (क) छन्द कति प्रकारका छन्? के-के? 1

(ख) तोटक छन्दको परिभाषा प्रस्तुत गर्नुहोस्। 4

(ग) छन्द शास्त्रका प्रवर्तक को हुन्? 1

(घ) साहित्यमा अलङ्कार किन आवश्यक छ? 1

(ङ) अतिशयोक्ति अलङ्कारको परिभाषा र उदाहरण प्रस्तुत गर्दै अतिशयोक्ति शब्दको अर्थ लेख्नुहोस्। 3

(च) उपमा अलङ्कारमा 'साधारण धर्म' भनेको के हो? उदाहरण सहित लेख्नुहोस्। 2

## खण्ड - दुइ

2. हाम्रो मातृभाषाको महत्त्व माथि चर्चा गर्दै यसको पठन-पाठनको निम्ति पाठशालाहरूमा निम्न तहदेखि नै सम्बन्धित शिक्षक-शिक्षिकाहरू नियुक्त गर्न अनिवार्य रहेको ठहर गर्दै साथीलाई चाखलाग्दो पत्र लेख्नुहोस्। 5

3. तल दिएका कुनै ***एक*** विषयमाथि 250 शब्दसम्मको निबन्ध लेख्नुहोस् : 10

(i) शारीरिक विकासमा खेल-कुदको महत्त्व

**अथवा**

(ii) नारीमाथि बड्दो हिंसाका कारणहरू

Prepp
Your Personal Exams Guide

## खण्ड - तीन

4. (क) पुड्को-पुड्को खँदिलो मानिस, औधि पुरानो कालो जिनको दौरा र सुरुवाल लगाएको, तर दश ठाउँ टाले पनि त्यस लुगालाई झुत्रो भन्नुपर्ने। धर्के, कालै इष्टकोटमा पूरै दर्जन सेता टाँकको लहर, रङ्ग उड़िसकेको पुरानो खाँड़ीको टोपी, पाँसुलामाथि सम्म सुरूवाल सुर्काएको, रने एकछाँटको देखिन्थ्यो।

   (i) उपर्युक्त गद्यमा कसको वर्णन् गरिएको हो? **1**

   (ii) पाठको नाउँ लेख्दै छोटकरीमा लेखकको परिचय दिनुहोस्। **2**

   (iii) उसको लुगा किन झुत्रो थियो? किन उसले नयाँ र सग्लो लुगा लगाउन पाएन? **2**

   (ख) संसारका विषाक्त काँड़ाहरू कलेजामा, फोक्सोमा र कञ्चटमा गड्दाको विभिन्न अनुभव संग्रह गर्नलाई नै उ जन्मेकी थिई, त्यसैले सयजना स्वास्नी मान्छेलाई मार्न सक्ने सुइराहरूलाई छालामा झुण्डाएर उ बलात्कारको हाँसोले घरको कोठाहरूलाई गुञ्जाउँथी।

   (i) यहाँ चर्चा गरिएको व्यक्ति-को हो? उनको जीवन के कारणले दु:खदायी थियो? **2**

   (ii) "विषाक्त काँड़ा" र "बलात्कारको हाँसो" भन्नाले के बुझिन्छ? **2**

   (iii) कथाकारको परिचय दिँदै कथाका बाबु पात्रको नाउँ लेख्नुहोस्। **1**

   (iv) 'कुँखुरी काँ" कथाका माध्मबाट कथाकारले भन्न खोजेका कुराहरू विस्तारपूर्वक बताउनुहोस्। **5**

5. (क) सपना के हो भन्ने विषयमा विभिन्न विद्वानहरूले कस्ता विचारहरू राखेका छन्? पठित निबन्ध 'प्यारो सपना' - का आधारमा लेख्नुहोस्। **4**

   (ख) 'समाधानको खोजी' पाठ पढ़ेर तपाईले के बुझ्नु भयो र समाधान शब्दको अर्थ स्पष्ट पार्दै विस्तारपूर्वक उत्तर लेख्नुहोस्। **3**

   (ग) हाइ - हाइ अङ्ग्रेजी निबन्धमा निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले "हामी मरीच झैं चाउरिन्छौं र सुक्खा बन्दछौं" भनेर के भन्न चाहेका छन्? **3**

www.prepp.in

Prepp
Your Personal Exams Guide

6. (क) बसन्त ऋतुलाई कविले किन ऋतुराजको नाम दिएका छन् ? "नातिशीतोष्ण" भनेर कसरी कविले बसन्त ऋतुको वर्णन गरेका छन् ? 4

**अथवा**

बसन्त ऋतुमा प्रकृतिको अवस्था कस्तो हुन्छ ?

(ख) सप्रसङ्ग व्याख्या गर्नुहोस् : 4

न सर्दी छ, न वर्षा छ न घाम छ।

अपूर्व यो शरत्काल सबैको सुखधाम छ॥

**अथवा**

पानी कठै ! छुनासाथ असाध्य ठिहिर्याउँछ।

बिच्छीका डङ्कको ज्वाला तालु-सम्म पुर्‍याउँछ॥

(ग) मङ्सीर-पुष महीनामा कुन ऋतु पर्छ ? कविले यस ऋतुलाई किन दाइँ गर्नेहरूको मात्र प्रिय ऋतु हो भनेका हुन् ? 2

7. (क) साहित्यका अरू विधाहरू मध्ये नाटकलाई किन प्राय सबैले मन पराउँछन् ? नाटकको भाषा कस्तो हुनुपर्छ ? 2

(ख) मानिसको कुन जन्मजात गुणले गर्दा नाटकको घड़ेरी बसेको हो ? 2

(ग) अङ्ग्रेजी साहित्यमा शैलीको आधारमा नाटकलाई कति भागमा विभक्त गरिएको छ ? के-के ? 2

(घ) हिजो आज शिक्षित व्यक्तिले समाजका निम्ति के-के गर्ने उद्देश्य राखेको हुनुपर्छ - 'दान-योगदान' एकाङ्कीका आधारमा उत्तर लेख्नुहोस्। यस नाटकमा लामा र थापा नाम भएका पात्रहरू सिन्हा बाबुकहाँ आउनुको उद्देश्य के थियो ? 3

(ङ) 'बन्दिनी' एकाङ्कीमा नीतिशालाई किन बन्दिनी भनेको मन पर्दैनथ्यो ? 1

www.prepp.in

Prepp
Your Personal Exams Guide

8. (क) 'जुनेली रेखा' उपन्यास चियाकमानको इतिहासबारे बताउने उपन्यास हो। के यो भनाइ साँचो हो? विस्तारपूर्वक लेख्नुहोस्। 3

(ख) मालिनीले किन शुरूमा जसेलाई आफ्नो नजिक आउन दिन सकिन? 2

(ग) हट्टा बाहिर भएपछि जसेले कहाँ गएर कस्ता-कस्ता काम गऱ्यो? 2

(घ) जसेले दार्जीलिङबाट मालिनीलाई पोको पारेर के कोशेली ल्याइदिएको थियो? 1

(ङ) उपन्यासको अन्तमा जसे र मालिनीको जीवनमा कस्ता परिवर्तनहरू आए? 2

9. (क) लेखनाथ पौड्यालले साहित्यमा के-को उपाधि पाए? 1

(ख) नेपाली नाट्य सम्राट भनेर हामी कसलाई चिन्छौं? 1

(ग) रामकृष्ण शर्माका कुनै दुइवटा कृतिको नाम लेख्नुहोस्। 2

(घ) लेखनाथ पौड्याल कस्ता कवि हुन्? उनका कुनै दुइ प्रख्यात कृतिका नाउँ लेख्नुहोस्। 2

(ङ) बालकृष्ण समले आफ्नो नामबाट 'शम्सेर' हटाएर किन सम मात्र लेखेका हुन्? 2

10. (क) नेपाली भाषालाई अरू कुन-कुन नामले जानिन्छ? यस भाषाको मुहान कुन भाषासँग जोड़िएको छ? 3

(ख) नेपाली भाषा कुन लिपिमा लेखिन्छ? 1

(ग) नेपाली भाषा कुन भाषा परिवारभित्र पर्दछ? 1

(घ) नेपाली साहित्यमा देखापरेका कुनै दुइवटा मनोविश्लेषणात्मक उपन्यासहरूको नाउँ लेख्नुहोस्। 2

(ङ) नेपाली उपन्यासको प्रारम्भिक कालमा कस्ता उपन्यासहरू देखापरे? तिनीहरूमा कुन-कुन भाषाहरूको प्रभाव परेको थियो? 3